# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।११ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी कुमार बहादुर बराईलीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट:-

**प्रतिवादी कुमार बहादुर बराईली** उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा रु.१५,०५,९३०।- (पन्ध्र लाख पाँच हजार नौ सय तीस रुपैयाँ) बिगो रकम कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिबाना गरी बिगो रकम असुल उपर हुन,

**प्रतिवादीहरू अर्जुन कुमार थापा र राम कुमारी खत्री** उपर ऐ.ऐनको दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा रु.४,००,०००।-(चार लाख रुपैयाँ) बिगो रकम कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो रकम असुल उपर हुन,

**प्रतिवादीहरू दिल बहादुर मगर र रस्मिला बराईली** उपर ऐ. ऐनको दफा ८ को उपदफा (१) को देहाय (ङ) को कसूरमा ऐ.ऐ. ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको मतियारको कसूरमा रु.४,००,०००।-(चार लाख रुपैयाँ) बिगो कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो रकम असुल उपर हुने मुल कसूरदार सरह ऐ. ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय हुन,

**प्रतिवादी चन्द्र बहादुर बस्नेत** उपर ऐ.ऐनको दफा १९ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (१) बमोजिम कैद र जरिबाना हुन,

**प्रतिवादीहरू राम बहादुर मगर र चन्द्र कला श्रेष्ठ** उपर ऐ.ऐनको दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा रु.११,०५,९३०।- बिगो रकम कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिबाना गरी बिगो रकम असुल उपर हुन,

मागदाबी लिई विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा

विशेष अदालतको मिति २०८०/१०/१६ को फैसलाबाट निम्न आधारमा सफाई दिएको:-

- सक्षम जनशक्ति भएका विशेष प्राविधिक कार्यलयका तालिम प्राप्त प्राविधिक कर्मचारीले जस्तो समुदायका नागरिकले सबै रित रोह मिलाएर काम गर्दछन् भनी ठूलो अपेक्षा राख्नु स्वभाविक नहुने तथा सामान्य प्रकृयागत त्रुटिका आधारमा प्रतिवादीले गरेको राम्रो परिणामको कार्यलाई बद्रियत नै ठहर गरी दोषी करार गर्नु न्यायोचित हुन नआउने।
- (ख) प्रतिवादीहरूले अनुसन्धान अधिकारी र अदालतमा समेत आरोपित कसूरमा इन्कार रही बयान गरेकोले कसूरदार रहेको नदेखिएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।११ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- प्रतिवादीहरूले रीत रोह मिलाएर काम नगरेको र काममा त्रुटि गरेको भनी फैसला स्वयम्ले स्वीकार गरेबाट प्रतिवादीहरूले कानून बमोजिमको रित नपुर्याई कानून विपरीतको कार्य गरेको तथ्य पुष्टि भई प्रतिवादीहरू उपरको आरोपदाबी कानूनी रुपमा पुष्टि भएको।कानूनको अनभिज्ञता क्षम्य नहुने (Ignorance of law is not excuse) भन्ने विधिशास्त्रीय मान्यता नै हो। आफूलाई लाभ पुग्ने गरी कानूनले नचिनेको बाटोबाट गरिएका कार्य स्वतः बद्नियतपूर्वकका कार्यहरू (Actions with malafied intention) हुन् । गरिबी निवारणका लागि विनियोजित

रकमलाई कार्यक्रम नभएको ऐलानी जग्गा खरिद गरी पशुपति सामुदायिक वन उपभोक्ता समुहको झुट्टा बिल भरपाई तथा प्रक्रिया नपुर्‍याई लागत इस्टिमेट तयार गरेको, समूहको बैठक नराखी आफू अनुकुल कागजात तयार गरेको, आफ्नो पदीय जिम्मेवारी बहन नगरी राज्यको सम्पत्ति हानिनोक्सानी गर्ने मनसायले बदनियत राखी भुक्तानी दिने समेतका कसूरमा संलग्न रहेको तथ्य पुष्टि भैरहेको अवस्थामा  सामान्य प्रकृयागत त्रुटीका आधारमा यी प्रतिवादीले गरेको राम्रो परिणामको कार्यलाई बद्नियत नै ठहर गरी दोषी करार गर्नु न्यायोचित हुन नआउने भनी अभियोग दाबीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

- छानविन प्रतिवेदन समेतका आधार प्रमाणहरूबाट पशुपति सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०७२/०७३, २०७३/०७४ र २०७४/०७५ को अवधिमा गरेका खर्चहरूमध्ये आ.व. २०७२/०७३ मा दलित जनजाति उत्थान शीर्षकमा रु.२,००,०००।-, सुधारिएको चुल्हो निर्माण शीर्षकमा भएको रु.२,००,०००।- खर्चलाई पुष्ट्याई गर्ने प्रमाण/कागजातहरू, लागत इष्टिमेट र प्राविधिक मूल्याङ्कन बेगर नै अन्य कार्यमा भरपाई मार्फत सोझै भुक्तानी गरेको, आ.व. २०७०/०७१ देखि २०७४/०७५ सम्मको निर्णय पुस्तिका हराएको भनी निर्णयसम्बन्धी कागजात पेश गर्न नसकेको, प्रयोजन नखुलेका विभिन्न खर्चहरु आ.व. २०७३/०७४ र २०७४/०७५ मा गाडी भाडा बापत भुक्तानी भएको रकम रु.२,००,०००।-, स्टेशनरी सामान खरिदवापत रु.३१,१३०।-, भरपाई मार्फत भुक्तानी भएका रकम रु.१२,२०,४१३।-, गरिबी निवारण कार्यक्रमको लागि रु.१५,५०,०००।- सामुदायिक वनका अध्यक्ष आफैले बैंकबाट रकम भुक्तानी लिएको समेतका आधारबाट समेत कसूर गरेको तथ्य स्थापित भएको।
- उपभोक्ता समुहका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट उपभोक्ता समुहको खाता संचालन भई सोमार्फत बिना आधार आ.व. २०७३/०७४ र २०७४/०७५ मा स्टेशनरी सामान तथा फलफुलको बोट बिरुवा खरिद, झाडी सफाई एवं संयुक्त अनुगमन तथा बैठक भत्ताबापत गरी रु.११,०५,९३०।— बढी भुक्तानी दिने/लिने कार्य गरे/गराएको मिसिल संलग्न आधार प्रमाणहरूबाट पुष्टि भएको र प्रतिवादीहरूले सो कसूरमा आरोपदाबी उपर प्रामाणिक रुपले खण्डित गर्न सकेको अवस्था नदेखिएकोले कसूरदार पुष्टि भएको ।
- प्रतिवादीहरूले कसूरमा इन्कारी बयान गरेको भन्ने मात्र आधार लिई मिसिल संलग्न आधार प्रमाणको समूचित विश्लेषण र मूल्याङ्कन बिना प्रतिवादीहरूले अनुसन्धान अधिकारी र अदालतमा समेत आरोपित कसूरमा इन्कार रही बयान गरेको भनी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई दिनेगरी फैसला भएको र सम्मानित सर्वोच्च अदातलतबाट "अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकिर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निज उपर नै हुन्छ।" भनी भ्रष्टाचार मुद्दा (ने.का.प.२०६७, नि. नं. ८३४०) मा प्रतिपादित नजिरको रोहमा समेत उक्त फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरू कुमार बहादुर बराईली, अर्जुन कुमार थापा, राम कुमारी खत्री, तिल बहादुर मगर, रस्मिला बराईली, चन्द्र बहादुर बस्नेत, राम बहादुर मगर र चन्द्र कला श्रेष्ठ (विशेष अदालत मुद्दा नं.:- ०८०-CR-००१९ फैसला मितिः- २०८०।१०।१६) | गैरकानूनी लाभ हानी पुऱ्याउने बदनियत ले काम गरी भ्रष्टाचार गरेको | प्रतिवादी कुमार बहादुर बराईली उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा रु.१५,०५,९३०।-(पन्ध्र लाख पाँच हजार नौ सय तीस रुपैयाँ) बिगो रकम कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिबाना गरी बिगो रकम असुल उपर हुन, प्रतिवादीहरू अर्जुन कुमार थापा र राम कुमारी खत्री उपर ऐ.ऐनको दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा रु.४,००,०००।-(चार लाख रुपैयाँ) बिगो रकम कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो रकम असुल उपर हुन, प्रतिवादीहरू दिल बहादुर मगर र रस्मिला बराईली उपर ऐ. ऐनको दफा ८ को उपदफा (१) को देहाय (ङ) को कसूरमा ऐ.ऐ. ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको मतियारको कसूरमा रु.४,००,०००।-(चार लाख रुपैयाँ) बिगो रकम कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो रकम असुल उपर हुने मुल कसूरदार सरह ऐ. ऐ. | **फैसलाः**<br>प्रतिवादीहरूले आरोप दाबीबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/१०/१६ मा फैसला भएको अवस्था छ।<br><br>विशेष अदालत काठमाडौंले प्रतिवादीहरूलाई सफाई दिने गरी **फैसला** गर्दा निम्न **आधार** ग्रहण गरेको देखिन्छः<br>(क) सक्षम जनशक्ति उपलब्ध भएका विशेष प्राविधिक कार्यलयका तालिम प्राप्त सरकारी प्राविधिक कर्मचारीले जस्तो समुदायका नागरिकले सबै रित रोह मिलाएर काम गर्दछन् भनी ठूलो अपेक्षा राख्नु स्वभाविक नहुने तथा सामान्य प्रकृयागत त्रुटीका आधारमा यी प्रतिवादीले गरेको राम्रो परिणामको कार्यलाई बद्नियत नै ठहर गरी दोषी करार गर्नु न्यायोचित हुन नआउँने ।<br>(ख) प्रतिवादीहरूले अनुसन्धान अधिकारी र अदालतमा समेत आरोपित कसूरमा इन्कार रही बयान गरे समेतबाट यी प्रतिवादीहरू कसूरदार रहेको नदेखिएको। | क) प्रतिवादीहरूले रीत रोह मिलाएर काम नगरेको र काममा त्रुटि गरेको भनी फैसला स्वयम्ले स्वीकार गरेबाट प्रतिवादीहरूले कानून बमोजिमको रित नपुर्याई कानून विपरीतको कार्य गरेको तथ्य पुष्टि भई प्रतिवादीहरू उपरको आरोपदाबी कानूनी रुपमा पुष्टि भैरहेको अवस्था छ ।कानूनको अनभिज्ञता क्षम्य नहुने (Ignorance of law is not excuse) भन्ने विधिशास्त्रीय मान्यता नै हो । कानूनको मर्म र भावना विपरीतका कुनै पनि कार्य गैरकानूनी हुन्छन् र कानूनले निर्देशित कार्यविधि विपरीतका कार्य जोसुकैका लागि पनि दण्डनीय हुन्छन् । कानूनले तोकेको कार्यविधि विपरीत मनोमानी ढंगले गरिएका कार्यले कानूनी मान्यता पाउन सक्दैनन् र सो कार्य गर्ने छुट कोही कसैलाई छैन । त्यसैगरी आफूलाई लाभ पुग्ने गरी कानूनले नचिनेको बाटोबाट गरिएका कार्य स्वतः बद्नियतपूर्वकका कार्यहरू (Actions with malafied intention) हुन् । प्रतिवादीहरू कुमार बहादुर बराईली पशुपति सामुदायिक वन उपभोक्ता समुहका अध्यक्षका रुपमा, अर्जुन कुमार थापा सो उपभोक्ता समुहका तत्कालीन सल्लाहकार समुह संयोजकका रुपमा, राम कुमारी खत्री सोही समुहका तत्कालीन कोषाध्यक्षका रुपमा राम बहादुर मगर उपभोक्ता समुहका तत्कालीन सचिवका रुपमा चन्द्र कला श्रेष्ठ सो समुहका तत्कालीन कोषाध्यक्षका रुपमा, दिल बहादुर उक्त उपभोक्ता समुहका उपभोक्ताका रुपमा तथा प्रतिवादी चन्द्र बहादुर बस्नेतदर्तावाला लेखापरीक्षकका रुपमा रही सम्बद्ध कानूनको मतलब र परिणामको जानकारी हुँदा हुँदै बद्नियत राखी नियतपूर्वक आ-आफ्नो हैसियतमा विभिन्न निर्णय समेतमा संलग्न भै नेपाल सरकारलाई गैरकानूनी हानि र आफूहरूलाई लाभ पुऱ्याउने बदनियतले प्रक्रिया नपुऱ्याई लागत इस्टिमेट, प्राविधिक बिल भरपाई नराखी समुहको निर्णय बिना आफू अनुकूल कागजात तयार गरी मिलेमतोमा स्टेशनरी सामग्री, बोटबिरुवा खरिद तथा वितरण, संयुक्त अनुगमन तथा झाडी सरसफाई, बैठक भत्ता तथा गरिबी निवारणका लागि विनियोजित रकमलाई कार्यक्रम नभएको ऐलानी जग्गा खरिद गरी पशुपति सामुदायिक वन उपभोक्ता समुहको झुट्टा बिल भरपाई तयार गरी आफ्नो पदीय जिम्मेवारी बहन नगरी राज्यको सम्पत्ति हानि नोक्सानी गर्ने मनसायले बदनियत राखी भुक्तानी दिने समेतका आरोपदाबी बमोजिमको कसूरमा संलग्न रहेको तथ्य पुष्टि भैरहेको अवस्थामा सामान्य प्रकृयागत त्रुटीका आधारमा यी प्रतिवादीले गरेको राम्रो परिणामको कार्यलाई बद्नियत नै ठहर गरी दोषी करार गर्नु न्यायोचित हुन नआउँने भनी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेको ।<br><br>(ख) मिसिल संलग्न उजुरी निवेदन, डिभिजन वन कार्यालयबाट प्राप्त छानविन प्रतिवेदनहरू, आयोगको कार्यालय, इटहरीमा पेश गरेको स्थलगत फिल्ड प्रतिवेदन, प्रतिवादीहरूको बयान, सानिमा माई हाइड्रोपावर लिमिटेडको पत्र, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, शाखा कार्यालय बर्दिवास, महोत्तरीको पत्र समेतका आधार प्रमाणहरूबाट पशुपति सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०७२/०७३, २०७३/०७४ र २०७४/०७५ को अवधिमा गरेका खर्चहरूमध्ये आ.व. २०७२/०७३ मा दलित जनजाति उत्थान शीर्षकमा रु.२,००,०००।-, सुधारिएको चुल्हो निर्माण शीर्षकमा भएको रु.२,००,०००।- खर्चलाई पुष्ट्याई गर्ने प्रमाण/कागजातहरू, लागत इष्टिमेट र प्राविधिक मूल्याङ्कन बेगर नै अन्य कार्यमा भरपाई मार्फत सोझै भुक्तानी गरेको अवस्था, आ.व. २०७०/०७१ देखि २०७४/०७५ सम्मको निर्णय पुस्तिका हराएको भनी निर्णयसम्बन्धी कागजात पेश गर्न नसकेको अवस्था, प्रयोजन नखुलेका विभिन्न खर्चका बिषयहरुः आ.व. २०७३/०७४ र २०७४/०७५ मा गाडी भाडा बापत भुक्तानी भएको रकम रु.२,००,०००।-, स्टेशनरी सामान खरिदवापत रु.३१,१३०।-, भरपाई मार्फत भुक्तानी भएका रकम रु.१२,२०,४१३।-, गरिबी निवारण कार्यक्रमको लागि रु.१५,५०,०००।- रकम जगंबहादुर बस्नेतका नाममा चेक काटी रु.१५,५०,०००।- सामुदायिक वनका अध्यक्ष आफैले बैंकबाट रकम भुक्तानी लिएको अवस्था समेतका आधारबाट तथा मौकाको प्रतिवेदन तथा मुचुल्कालाई समर्थित र सनाखत गर्दै निरज कुमार देव, शैलेश दास समेतले अदालतमा गरेको बकपत्र समेतबाट यी प्रतिवादीहरूले आरोपदाबी बमोजिमको कसूर गरेको तथ्य स्थापित भैरहेको ।<br><br>ग) आ.व. २०७३/०७४ र २०७४/०७५ मा स्टेशनरी सामान खरिदमा रु.३१,१३०।-, फलफुलको बोट बिरुवा खरिद बापत रु.६,१४,८००।-, काजीमान बराईली समेत १५ जनाले झाडी सफाई तथा संयुक्त अनुगमन गरेबापत रु.१,५०,०००।-, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय हुन, प्रतिवादी चन्द्र बहादुर बस्नेत उपर ऐ.ऐनको दफा १९ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (१) बमोजिम कैद र जरिबाना हुन तथा प्रतिवादीहरू राम बहादुर मगर र चन्द्र कला श्रेष्ठ उपर ऐ.ऐनको दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा रु.११,०५,९३०।- (एघार लाख पाँच हजार नौसय तीस रुपैयाँ) बिगो रकम कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिबाना गरी बिगो रकम असुल उपर हुन समेतको मागदाबी लिई आरोप-पत्र दायर गरिएको । | | बुद्धि बहादुर बस्नेतले बुझेको रु.२,५०,०००।-, रुपा राई समेतले बैठक भत्ताबापत बुझेको रु.६०,०००।- गरी कुल रु.११,०५,९३०।- समेतको सरकारी रकम हानि नोक्सानी गर्ने कार्यमा समेत जिम्मेवार पदाधिकारीहरू उक्त उपभोक्ता समुहका अध्यक्ष प्रतिवादी कुमार बहादुर बराईली, तत्कालीन सचिव प्रतिवादी राम बहादुर मगर, तत्कालीन कोषाध्यक्ष प्रतिवादी चन्द्रकला श्रेष्ठको संयुक्त दस्तखतबाट उपभोक्ता समुहको खाता संचालन भई सोमार्फत बिना आधार बढी भुक्तानी लिई दिई आफू तथा समुहका पदाधिकारीहरूलाई गैरकानुनी लाभ पुर्याउने र नेपाल सरकारलाई गैरकानुनी हानि नोक्सानी पुर्याउने बद्नियतले भुक्तानी दिने/लिने कार्य गरे/गराएको मिसिल संलग्न आधार प्रमाणहरूबाट पुष्टि भएको र निज प्रतिवादीहरूले सो कसूरमा आरोपदाबी उपर प्रामाणिक रुपले खण्डित गर्न सकेको अवस्था रहेको देखिँदैन र प्रतिवादीहरू आरोपित कसूरका कसूरदार रहेको पुष्टि भैरहेको ।<br><br>घ) प्रतिवादीहरू राज्यको सम्पत्ति हानि नोक्सानी गर्ने मनसायले बदनियत राखी झुट्टा बिल भरपाई बनाई रकम भुक्तानी लिनेदिने गरी कसूरको सजायबाट उन्मुक्ति लिने उद्देश्यले आ.व. २०७०/०७१ देखि २०७४/०७५ सम्मको निर्णय पुस्तिका हराएको भनी बयानमा उल्लेख गरेको भएतापनि सो विषयमा प्रहरी प्रशासन कतैपनि जानकारी नगराएको भन्ने व्यहोराको निर्णयसमेत भएको भनी डिभिजन वन कार्यालयको छानविन प्रतिवेदनमा उल्लेख भएको, आ.व. २०७०/०७१ र २०७१/०७२ को कार्यकालको बहालवाला सचिव पद आफूले सम्हालेको र २०७३ सालमा नयाँ कार्य समुहलाई सम्पूर्ण कागजात बरबुझारथ गरेको भनी उक्त समुहका तत्कालीन सचिव चेत बहादुर बानियाले खुलाईदिए समेतबाट निज प्रतिवादीहरूको उक्त जिकिर खण्डित भैरहेको तथा सो सम्बन्धमा निज प्रतिवादीहरूले वस्तुनिष्ठ र विश्वसनीय आधार प्रमाण पेश गर्न नसकी र समुहको निर्णय जस्तो महत्वपूर्ण कागज प्रमाणको अनिवार्यता र प्रामाणिक मूल्यप्रति समेत गैरजिम्मेवार रही प्रतिवादीहरूले आरोपदाबी बमोजिमको कसूर गरेको पुष्टि भैरहेको ।<br><br>ङ) प्रतिवादी कुमार बहादुर बराइलीले अदातलमा गरेको बयानमा समेत शीर्षक परिपर्तन गरी पुल निर्माण गरेको भनी स्वीकार गरेकामा सो को निर्णय सम्बन्धमा प्रमाण पेश गर्न सकेको अवस्था छैन । त्यैगरी लेखापरीक्षकका रुपमा रहेका प्रतिवादी चन्द्र बहादुर बस्नेतले मौकामा तथा अदातलमको बयानमा समेत आ.ब २०७२/७३ मा समुहका प्रतिनिधिले उपलब्ध गराएका भरपाई बिलका आधारमा लेखापरीक्षण गरेको ,पछिबाट के गरे सोको जानकारी भएन, बिल भरपाईहरू समुहमा नै हुनुपर्छ भन्ने समेत व्यहोरा उल्लेख गरेको भएतापनि निजको बयानलाई समर्थित हुने सोही दाबी बमोजिमका बिल भरपाई मिसिल संलग्न नरहेबाट निजको बयान खण्डित भैरहेको छ ।सो आ.व. मा प्रतिवादी कुमार बहादुर बराईली, प्रतिवादी अर्जुन कुमार थापा, प्रतिवादी राम कुमारी खत्रीको संयुक्त दस्तखतबाट उपभोक्ता समुहको बैंक खाताबाट मिति २०७२।१२।७ मा रु.४,००,०००।- पुलका अध्यक्ष र कोषाध्यक्षलाई नगद बुझाएको भरपाईमा उल्लेख भएको भन्ने देखिएको, विनियोजित कार्यक्रममा नभएको बिना निर्णय बिना बिल भरपाई साझेदारीमा फिल्डमा पुल निर्माणको कार्य गर्नु, भए गरेको भनिएका निर्णय सबै हराउनु, पुल निर्माण सानिमा हाइड्रोको साझेदारीमा भएको भनिए तापनि सानिमा हाइड्रोले पेश गरेको बिल भरपाईबाट उक्त पुल निर्माण कार्य हाइड्रोको मात्रै लगानीमा भएको देखिनु सो समुहबाट पुल निर्माणका लागि कुनै लागत इष्टिमेट, प्राविधिक बिल, बिल भरपाई लगायतका कागजात नहुनु तथा केबल रकम बुझेको भरपाई मात्र हुनु लगायतका आधार प्रमाणहरूबाट उक्त पुल निर्माणमा समुहले देखाएको खर्च वास्तविक नदेखिएको र निज प्रतिवादीहरूको संलग्नतामा सो रकम हिनामिना भएको पुष्टि भै प्रतिवादीहरूको जिकीर पूर्णतः खण्डित भएको ।<br><br>च) मौकामा कसूर गरी कसूरको सजायबाट उन्मुक्ति पाउने नियत उद्देश्यले कसूरमा बिना आधार र प्रमाण कोरा इन्कारी बयान गर्दैमा वस्तुनिष्ठ आधार प्रमाणको विद्यमानता नभएको अवस्थामा त्यस्तो अपुष्ट र कोरा इन्कारी बयानलाई फैसलाधारमा लिन मिल्ने अवस्था हुँदैन । प्रतिवादीहरूले बिल भरपाई, निर्णय र निर्णय पुस्तिका, स्वीकृत कार्यक्रम समेतका आरोपपत्रमा निजहरू विरुद्धमा लिइएका आधार प्रमाणलाई चुनौती दिई आफ्नो बयान जिकिरलाई पुष्टि गर्न सकेको अवस्था छैन । तसर्थ यी प्रतिवादीहरूले कसूरमा इन्कारी बयान गरेको भन्ने मात्र आधार लिई मिसिल संलग्न आधार प्रमाणको समूचित विश्लेषण र मूल्याङ्कन बिना प्रतिवादीहरूले अनुसन्धान अधिकारी र अदालतमा समेत आरोपित कसूरमा इन्कार रही बयान गरेको भनी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई दिनेगरी भएको फैसला मिसिल संलग्न तथ्यगत आधारको विश्लेषण नभएको तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सम्मानित सर्वोच्च अदातलतबाट “अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ।” भनी भ्रष्टाचार मुद्दा (ने.का.प.२०६७, नि. नं. ८३४०) मा प्रतिपादित नजिरको रोहमा समेत त्रुटिपूर्ण रही बदरभागी रहेको । |